***Reg. No. 681*** ***SWC Aff. No. 15556***

**दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागि :**

# राष्ट्रिय दलित नेटवर्क नेपाल

# Rastriya Dalit Network (RDN) Nepal

**केन्द्रीय कार्यालय, कैलाली, सम्पर्क कार्यालय, अनामनगर काठमाण्डौं**

## प्रेस विज्ञप्ति

मिति २०६९ असोज २ गतेका दिन नेपालीहरुको महान चाड हरितालिका तिजका दिन दलितलाई मन्दिर प्रवेशमा रोक लगाउन डोटीको प्रसिद्ध शैलेश्वरी मन्दिरमा ताला लगाईएको छ । तिजमा अन्य महिला सरह दलित महिला पनि पुजा गर्न आउने भन्दै मन्दिर व्यवस्थापन समितिको निर्देशन पश्चात पुजारी राजेश भट्टले मन्दिरको ढोकामा ताला लगाएका थिए । यसैगरी, शैलेश्वरी मन्दिर परिसरमा रहेको शिवालय मन्दिर र सिलगढी नगरपालिका ४ इन्द्रचोकमा रहेको अर्को शिवालय मन्दिरको मूल गेटमा समेत ताला लगाईएको थियो । शैलेश्वरी मन्दिरमा पुजारी राजेश भट्ट, शैलेश्वरी मन्दिर परिसरमा रहेको शिवालय मन्दिरका पुजारी माधवराज भट्ट र इन्द्रचोक स्थित शिवालय मन्दिरका पुजारी पदमराज भट्टले मन्दिरमा ताला लगाएको प्रति हाम्रो गंभिर ध्यानाकर्षण भएको छ ।

मन्दिरको मूल गेटमै ताला लगाईएपछि स्थानीय दलित र गैर दलित महिला बीच झडप भएको छ । यसै गरी इन्द्रचौकको शिवालय मन्दिरमा पनि दलित महिलाले पूजा गर्न पाएनन् । शिवालय मन्दिरमा स्थानीय गैर दलित महिलाहरुले पूजा गरेर गेटमा ताला लगाई फर्किएका बेला दलित महिलाले पूजा गर्न पाउनु पर्ने भनेपछि दुवै पक्ष बीच झडप भएको थियो । पूजा गर्न गएका बेलामा अमृता नेपाली, भगवती नेपाली, लक्ष्मी नेपाली लगायतलाई स्थानीय पदम खत्रीकी ४५ बर्षिया श्रीमती राधा क्षेत्री लगायतले तिमी डुमहरुलाई पूजा गर्न दिदैनौ र तिमिहरु पानी नचल्ने जातकाले मन्दिरमा पूजा गर्न पाईदैन भनेर अवरोध गरी गाली गलौच गरेको प्रति हामी घोर भर्त्सना गर्दछौं ।

यसअघि २०६२ भदौ २० मा दिपायल सिलगढी नगरपालिका ४ का दलित महिलाले स्थानीय शिवालयमा पूजा गर्न खोज्दा तत्कालिन मन्दिरका पूजारी कुलराज जोशीले पूजाको थाल फालेर अभद्र व्यवहार गरेपछि विवाद चर्केको थियो । जसमा ६० जना दलितहरुले कुटिनु परेको थियो । सो विवादले ठूलो रुप लिएपछि स्थानीय दलितले मन्दिर प्रवेश गर्न पाउनु पर्ने भन्दै संघर्ष समिति गठन गरी २० दिने आन्दोलन गरेका थिए । आन्दोलन पछि स्थानीय प्रशासन, समाजसेवी, राजनैतिक दल, दलित समुदाय र मन्दिर व्यवस्थापन समितिबीच दलितलाई मन्दिर प्रवेशमा विभेद नगर्ने सहमति भएतापनि अझैं पनि यस्तो घटना घट्नु भनेको सिंगो दलित समुदायलाई नै विभेद गरेको हामीलाई लागेको छ त्यसैले उक्त मन्दिरहरुमा गरिएको जातीय विभेदको घटनाका दोषीहरुलाई कडा भन्दा कडा कार्वाही गर्न स्थानीय प्रशासनलाई हामी जोडदार माग गर्दछौं भने अझैंपनि उक्त घटनालाई सामान्य रुपमा लिई मिलाउने काम गरेको खण्डमा त्यसबाट उत्पन्न हुने आन्दोलनको जवाफदेही सम्बन्धित निकाय नै हुनुपर्ने यसै विज्ञप्ति मार्फत् जानकारी गराउन चाहन्छौं ।

**गणेश बि. के.**
**केन्दीय अध्यक्ष**

**मिति : २०६९ असोज ४ गते**